मिति २०७८।६।१५ गते वसेको गाउँ कार्यपालिकको बैठक

आ.ब. २०७८।७९ बैठक क्र.सं.-४

आज मिति २०७८।६।१५ गते पैंयू गाउँपालिकाका अध्यक्ष एवं गाउँ कार्यपालिकाका अध्यक्ष श्री खगेद्रप्रसाद तिवारीको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिम सदस्यहरुको उपस्थितिमा बसी तपसिल बमोजिम निर्णय गरियो ।

उपस्थितिः

| सि.नं. | नाम | पद | कार्यपालिका सदस्य पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री खगेन्द्र प्रसाद तिवारी | अध्यक्ष पैंयू गाउँपालिका पैंयू | अध्यक्ष | |
| २ | श्री जसमति गुरुङ्ग | उपाध्यक्ष पैंयू गाउँपालिका पैंयू | सदस्य | |
| ३ | श्री पितामवर भुसाल | वडा अध्यक्ष १ नं. वडा कार्यालय | सदस्य | |
| ४ | श्री भिमसेन गुरुङ्ग | वडा अध्यक्ष २ नं. वडा कार्यालय | सदस्य | |
| ५ | श्री विष्णुप्रसाद काफ्ले | वडा अध्यक्ष ३ नं. वडा कार्यालय | सदस्य | |
| ६ | श्री महेन्द्रकुमार श्रेष्ठ | वडा अध्यक्ष ४ नं. वडा कार्यालय | सदस्य | |
| ७ | श्री उमाकान्त भुर्तेल | वडा अध्यक्ष ५ नं. वडा कार्यालय | सदस्य | |
| ८ | श्री थानेश्वर तिवारी | वडा अध्यक्ष ६ नं. वडा कार्यालय | सदस्य | |
| ९ | श्री भिमबहादुर गुरुङ्ग | वडा अध्यक्ष ७ नं. वडा कार्यालय | सदस्य | |
| १० | श्री कोपिला थापा | सदस्य (महिला) ३ नं. वडा कार्यालय | सदस्य | |
| ११ | श्री जसमाया गुङ्ग | सदस्य (महिला) ७ नं. वडा कार्यालय | सदस्य | - |
| १२ | श्री रमा न्यौपाने | सदस्य (महिला) ६ नं. वडा कार्यालय | सदस्य | - |
| १३ | श्री रुका न्यौपाने | सदस्य (महिला) १ नं. वडा कार्यालय | सदस्य | |
| १४ | श्री खैसरा घर्ती | सदस्य अल्प संख्यक २ नं. वडा कार्यालय | सदस्य | |
| १५ | श्री सुनिता बि.क. सुनार | सदस्य (दलित) ३ नं. वडा कार्यालय | सदस्य | |
| १६ | श्री केशव लामिछाने | प्रमुख प्रशासकीय अधिकृत | स.सचिव | |
| १७ | श्री सुरेन्द्र प्रसाद शर्मा | प्रशासन अधिकृत (छैटौं) | अन्य उपस्थिति | |
| १८ | श्री मोतिलाल न्यौपाने | का-वडाध्यक्ष वडा नं.४ | सदस्य | |
| १९ | याम ब थापा | कार्यालय सहयोगी | अन्य उपस्थिति | |

पैयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति २०७८।६।१५ गते वसेको गाउँ कार्यपालिकको बैठक

आ.ब. २०७८।८९ बैठक क्र.सं.-४

**निर्णयहरु:**

१. नेपाल सरकार सशर्त तर्फ आर्थिक वर्ष २०७८।८९ को लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत अति गरिव परिवारहरुको लागि कम्तिमा १० जनाको लागि हुने गरी साझा सुविधा केन्द्रको स्थापनाको लागि रु. ५ (पाँच) लाख विनियोजन भएकोले वडा नं. ४ स्थित निर्माणाधिन प्रमुख प्रशासकीय भवन भएको छेउ तर्फ भवनको डिपिआरमा उल्लिखित संरचना नविग्रिने गरि साझा सुविधा केन्द्र निर्माण गर्ने।

२. प्रधानमन्त्री रोजगार कार्यक्रमको बेरोजगार सूचि निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन २०७६ अनुसार ८ बटा मापदण्डको आधारमा आ.ब. २०७८।७९ को लागि emis.pmep.gov.np मा entry भएका यस पालिका अन्तर्गतका संलग्न सूचिमा उल्लिखित २१३ जना बेरोजगार ब्यक्तिको सिस्टम अनुसार निर्धारण भएको प्राथमिकताक्रम अनुमोदन गर्ने।

३. करारमा प्राविधिक कर्मचारी ब्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७५ अनुसार गाउँकार्यपालिकाको कार्यालयको लागि सेवा करारमा लिएको सहायक चौथो अमिन पदमा कार्यरत कर्मचारी श्री मनोज अर्यालाई सरकारी/सार्वजनिक कार्यमा बाहेक ब्यक्तिगत/निजि प्रयोजनका लागि सेवालिन माग भई आएमा प्रतिफिल्ड रु २ (दुई ) हजार अमिन सेवा शुल्क राजश्व लिई काममा खटाउने निजलाई अमिन सेवा शुल्कबाट प्राप्त राजश्वको २५ (पच्चिस ) प्रतिशत कार्यसम्पादन प्रोत्साहन बापत उपलब्ध गराउने।

४. शान्ति सुरक्षा, कार्यालयको अभिलेख सुरक्षा तथा सरकारी सम्पत्ती सुरक्षालाई मध्यनजर गर्दै आफ्नै भवन भएका सवै वडा कार्यालयहरुमा सिसि क्यामेरा जडानको लागि आवश्यक प्रक्रिया अघि बढाउने।

५. वडा नं. ५ स्थित चिसापानी मर्दिखोला कलभर्ट निर्माण र फलामे बेलीपुल तत्काल निर्माण गर्नु पर्ने आवश्यकता देखिएकोले प्राविधिक इस्टिमेटका आधारमा मागमा आधारित आकस्मिक योजना खर्च शीर्षकबाट भुक्तानी गर्ने गरी निर्माण गर्ने।

६. पैंयू गाउँपालिका वडा नं. ४ सेतीखोलाको गल्छिना झोलुङ्गे पुल मर्मत/संभारका लागि खर्च रु. १,५०,००० (एकलाख पचास हजार) मागमा आधारित आकस्मिक योजना खर्च शीर्षकबाट खर्च लेख्ने।

७. पालिका स्तरीय लघुउद्यम विकास समितिको निर्णणबाट आर्थिक वर्ष २०७८/७९को लागि यस गाउँपालिकाका वडा नं. २, ३ र ४ वडा हरुमा कार्यक्रम सञ्चालन गर्ने सिफारिस भएआएबमोजिम निर्णय कार्यान्वयनका लागि अनुमोदन गर्ने।

पैंयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल

मिति २०७८।६।१५ गते वसेको गाउँ कार्यपालिकको बैठक

आ.ब. २०७८।८९ बैठक क्र.सं.-४

८. पालिका स्थित विभिन्न युवा क्लव तथा खेल समितिबाट युवाखेलकुदका लागि खेल मैदान निर्माण लगायत खेल साम्रग्री उपलब्धताको लागि माग भई आएकोले मागमा आधारित आकस्मिक योजनाबाट रु. ५ लाख सम्म खर्च लेख्ने गरी खेलमैदान घेरावारका लागि आवश्यक तारजाली खरिद गर्ने ।

९. साथै प्रचलित नियमानुसार दर्ता भएका खेलकुद विकास माध्यमबाट क्लव/निकायबाट खेलाडि सहभागिताको लागि अनुरोध भई आएमा स्थानीय क्लवहरुलाई सम्भव भए सम्म सहभागी गराउने ।

पैयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३